बैठक नं. ४७

आज मिति २०७६/०५/१७ गतेका दिन बुटवल उप-महानगरपालिकाका प्रमुख श्रीमान शिवराज सुवेदीज्यूको अध्यक्षता र देहायका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिनको ११:०० बजे ।
स्थान : नगर कार्यपालिकाको भवन ।

उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शिवराज सुवेदी | प्रमुख | |
| २ | गुमा देवी आचार्य | उप-प्रमुख | |
| ३ | महेन्द्र प्रसाद लिगल | सदस्य | |
| ४ | रमेश प्रसाद नेपाल | सदस्य | |
| ५ | लाल प्रसाद वस्याल | सदस्य | — |
| ६ | टंक प्रसाद पराजुली | सदस्य | |
| ७ | तेज बहादुर सुनार | सदस्य | |
| ८ | जगदिश चन्द्र आचार्य | सदस्य | |
| ९ | कमल प्रताप थापा | सदस्य | |
| १० | भिम बहादुर श्रेष्ठ | सदस्य | |
| ११ | बिष्णु बहादुर थापा | सदस्य | |
| १२ | पदम बहादुर थापा | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | दुर्गा प्रसाद सुवेदी | सदस्य | |
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | डम्मर बहादुर भण्डारी | सदस्य | |
| १८ | राम प्रसाद रेग्मी | सदस्य | |
| १९ | सन्त बहादुर राना | सदस्य | |
| २० | हुमनाथ आचार्य | सदस्य | |
| २१ | हिम बहादुर खत्री | सदस्य | |
| २२ | डिल प्रसाद नेपाली | सदस्य | |
| २३ | रन्जित शेरचन | सदस्य | |
| २४ | माया देवी वराल (विश्वकर्मा) | सदस्य | |
| २५ | बिमला श्रेष्ठ | सदस्य | |
| २६ | सिता कुमारी थापा | सदस्य | |
| २७ | शुष्मा कुमारी अर्याल | सदस्य | |
| २८ | विष्णु कुमारी शर्मा | सदस्य | |
| २९ | चक्रपाणी शर्मा | प्रमुख प्रशासकीय अधिकृत | |

चिन बहादुर गुरुङ - वडा सदस्य - ३

प्रस्ताव नं.४७.१

**नगर कार्यपालिकाको कार्य विभाजन नियमावली २०७५ संशोधन सम्बन्धमा।**

निर्णय नं.४७.१

नगर कार्यपालिकाको कार्य विभाजन नियमावली २०७५ मा रहेको अनुसूची १ र २ संशोधन गरी नगर सभाबाट स्वीकृत प्रशासनिक संगठन संरचना अनुसार तयार भएकोअनुसूची १ र २ स्वीकृतगर्ने निर्णय गरियो।

प्रस्ताव नं. ४७.२

**आ.व.२०७६/०७७ को नगर दररेट अनुमोदन सम्वन्धमा।**

निर्णय नं. ४७.२

बुटवल उप महानगरपालिकाको लागि आ.व.२०७६/०७७ को विकास निर्माणमा प्रयोग हुने बस्तु तथा सेवाको मुल्यमा एकरुपता कायम गर्न कानूनले तोके बमोजिम दररेट निर्धारणगरी लागू गर्नु पर्ने भएको हुंदा नगर स्तरीय न्यूनतम दररेट निर्धारण समितिले सिफारिस गरे बमोजिम अनुमोदन गराउनेगरी मिति २०७६/०५/०९ मा प्रमुखबाटस्वीकृत दररेट अनुमोदन गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ४७.३

**कृषि कार्यक्रम संचालन सम्बन्धी कार्यविधि २०७६ सम्बन्धमा।**

निर्णय नं.४७.३

नगरसभाद्वारा स्वीकृत कृषि विकास कार्यक्रम तथा संघीयएवं प्रदेश सरकार र अन्य विभिन्न संघ संस्थासंगको सहकार्यमा संचालन गर्ने गरी तयार गरिएको "बुटवल उप महानगरपालिका कृषि विकास कार्यक्रम संचालन कार्यविधि २०७६" आजको बैठकमा टेबुल भयो।उक्त कार्यविधि सम्बन्धित समितिमा छलफलका लागि पठाउने निर्णय गरियो।

प्रस्ताव नं. ४७.४

**फोहरमैला व्यवस्थापन नियमावली,२०७६ सम्बन्धमा।**

निर्णय नं. ४७.४

फोहरमैलाको उचित र प्रभावकारी व्यवस्थापन गर्न तथा जनस्वास्थ्य एवं वातावरणमा पर्न सक्ने प्रतिकुल प्रभावलाई कम गरी स्वच्छ,स्वस्थ्य र मनोरम वातावरण कायम गर्न निजी क्षेत्र र सामुदायिक क्षेत्रको संलग्नतालाई समेत व्यवस्थित वनाउन तयार गरिएको "बुटवल उप महानगरपालिका फोहरमैला व्यवस्थापन नियमावली,२०७६" आजको बैठकमा टेबुल भयो। उक्त नियमावली माथि थप छलफलगरी सिफारिस गर्न सम्बन्धित समितिमा पठाउने निर्णय गरियो।

प्रस्ताव नं. ४७.५

**DFIDसंग समझदारीपत्रमा हस्ताक्षर (MOU) गर्ने सम्बन्धमा।**

निर्णय नं. ४७.५

नेपाल सहरी उत्थानशीलता परियोजना (NURP) बुटवल उप महानगरपालिकामा समेत संचालन हुने तथा बेलायत सरकारको अन्तराष्ट्रिय सहायता विभागका सचिव सहितको टोलिले यस उप महानगरपालिकामा नै

चक्रपाणी शर्मा
प्रमुख प्रशासकीय अधिकृत

आई नगरसंग समझदारी पत्रमा हस्ताक्षर गर्ने कार्यक्रम रहेको भनी सहरी विकास मंत्रालयको प.सं.०७६/०७७/३३ च.नं. ३३० मिति २०७६/०५/१० को पत्रबाट अनुरोध भई आएको सम्बन्धमा छलफल गर्दा मंत्रालयको अनुसार समझदारी पत्रमा हस्ताक्षर गर्ने र सो हस्ताक्षर गर्ने अख्तियारी नगर प्रमुख ज्यू लाई दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ४७.६**

**स्थानीय सेवाव्यवस्थापनका लागि मापदण्ड २०७६ सम्बन्धमा ।**

*निर्णय नं. ४७.६*

बुटवल उपमहानगरपालिकाको पाँचौ नगरसभाको मिति २०७६/०३/१९ को बैठकले गरेको निर्देशनात्मक निर्णय कार्यान्वयन गर्नुपर्ने सन्दर्भमा नेपालको संविधानको अनुसूची ८ बमोजिम स्थानीय सेवा व्यवस्थापन सम्बन्धी स्थानीय तहको एकल अधिकार,स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (ङ) ३ बमोजिम नगरपालिकाको अधिकार क्षेत्र तथा नेपालको संघीय कानून"कर्मचारी समायोजन ऐन, २०७५" को दफा २३ मा मापदण्ड बनाई प्रोत्साहन सुविधाको व्यवस्था गर्न सकिने भनि गरिएको व्यवस्थालाई समेत आधार मानी तयार गरिएको साविक स्थानीय निकायमा कार्यरत कर्मचारीहरुको लागि प्रोत्साहन सुविधा सम्बन्धी मापदण्ड, २०७६ स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४७.७**

**नहरपुर मा.वि.बुटवल ११ मा भवन निर्माण गर्नका लागि भारतीय राजदुतावासमा सहयोग माग प्रस्ताव सम्वन्धमा।**

*निर्णय नं. ४७.७*

यस बुटवल उप महानगरपालिका वडा नं.११ स्थित श्री नहरपुर माध्यमिक विद्यालयको लागि भवन निर्माण गर्नुपर्ने भई रु.४,८९,१२,५७९।४९ को लागत अनुमानको भवन निर्माणका लागि यस उप महानगरपालिकामा बजेट अभाव रहेकोले भारतीय सरकारबाट प्रदान हुने साना विकास परियोजना अन्तरगत सहयोग माग गर्ने र कुल लागतको २० प्रतिशत रकम यस बुटवल उप महानगरपालिकाबाट व्यहोर्ने निर्णय गरियो । यस कार्यको लागि आवश्यक सहयोग एवं समन्वयका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने समेत निर्णय गरियो।

**प्रस्ताव नं. ४७.८**

**क्रसर उद्योगहरुबाट वातावरण प्रदुषण नियन्त्रण तथा सडक मर्मत सम्भार शुल्क लिने सम्बन्धमा ।**

*निर्णय नं. ४७.८*

यस नगर क्षेत्रमा संचालन भएका विभिन्न क्रसर उद्योगहरु,क्रसर उद्योगबाट उत्पादित वस्तुलाई कच्चा पदार्थको रुपमा प्रयोग गरी तैयार गरी ढलान कार्यमा प्रयोग गरिने वस्तु उत्पादन गर्ने रेडिमिक्स उधोग र नदीजन्य पदार्थको आपुर्ति गर्ने उद्देश्यले नगरका विभिन्न स्थानमा खुल्ला रुपमा घाटगद्दी गरी राखिएका नदीजन्य पदार्थहरुको कारण वातावरण प्रदुषण भई मानव स्वास्थ्यमा नकारात्मक प्रभाव पर्न गएको छ । नदीजन्य पदार्थको उत्पादन,घाटगद्धी तथा ओसारपसारका कारण वातावरणीय प्रदुषण हुनाका साथै उल्लेखित वस्तुको ओसार पसारका कारण सडकहरुमा बर्षेनी मर्मत सम्भारमा ठूलो आर्थिक दायित्व पर्न आएको छ । उक्त तथ्यलाई विचारगरी नगर सभाको पांचौ अधिवेशनको निर्णय नं. ५.४.११.४ मा त्यस्तो

चक्रपाणी शर्मा
प्रमुख प्रशासकीय अधिकृत

उद्योग वा आपूर्ति कर्तासंग शुल्क असुली गर्ने गरी उपयुक्त उपाय अवलम्बन गर्न नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गरेको सन्दर्भमा राजश्व परमर्श समितिले १५ दिन भित्र सरोकारवाला समेतको परामर्श लिई वातावरण प्रदुषण नियन्त्रण तथा सडक मर्मत सुधार शुल्क संकलनको दर तथा प्रक्रिया सहितको प्रतिवेदन पेस गर्न निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ४७.९**

**नयां "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र प्रदानगर्ने सम्बन्धमा ।**

**निर्णय नं.४७.९**

बुटवल उपमहानगरपालिकाद्वारा स्वीकृत "घ " वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ को नियम २ को उपनियम २ संग सम्बन्धित अनुसूची ५ बमोजिम योग्यता भए/नभएको सम्बन्धमा गठित सिफारिस समितिबाट नयां इजाजतपत्रका लागि सिफारिस भई पेश भएका देहाय बमोजिमको निर्माण व्यवसायी/फर्मलाई नयां इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

| क्र.सं. | निर्माण व्यवसायी | ठेगाना |
|---|---|---|
| १. | तारा यु.के. कम्पनी प्रा.लि. | बुटवल उ.म.न.पा. -८ |

**प्रस्ताव नं. ४७.१०**

**बार्षिक कार्य संचालन तालिका पारित सम्बन्धमा ।**

**निर्णयनं. ४७.१०**

बुटवल उप महानगरपालिका नगरकार्यपालिकाको चालु आ.व.२०७६/०७७ को लागि पूर्वाधार विकास निर्माण तर्फको निम्न अनुसारको बार्षिक कार्य संचालन कार्यतालिका स्वीकृत गर्ने निर्णय गरियो ।

चक्रपाणी शर्मा
प्रमुख प्रशासकीय अधिकृत

## वार्षिक कार्यसञ्चालन तालिका

आ.व. २०७६/०७७

बुटवल उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय बुटवल, रुपन्देही ५ नं. प्रदेश, नेपाल

| क.सं. | कार्यक्रम/ कियाकलापको विवरण | महिना | | | | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुन | चैत्र | वैशाख | जेष्ठ | असार | |
| १ | चालु आ.व.का योजनाहरुको लागत ईष्टिमेट गर्ने | | | | | | | | | | | | | |
| २ | उपभोक्ता समिति गठन गर्ने | | | | | | | | | | | | | |
| ३ | उपभोक्ता समितिलाई तालिम दिने | | | | | | | | | | | | | |
| ४ | उपभोक्ता समितिसंग संम्फौता गर्ने | | | | | | | | | | | | | |
| ५ | ठेक्का प्रकियाबाट संचालन गर्ने योजनाहरुको सूचना प्रकाशन गर्ने | | | | | | | | | | | | | |
| ६ | ठेक्का प्रकियाबाट संचालन गर्ने योजनाहरुको संफौता गर्ने | | | | | | | | | | | | | |
| ७ | चौमासिक प्रगति प्रतिवेदन पेश गर्ने | | | | | | | | | | | | | |
| ८ | कमागत योजनाहरु सम्पन्न गराउने | | | | | | | | | | | | | |
| ९ | चालु आ.व.का योजनाहरु सम्पन्न गर्ने | | | | | | | | | | | | | |
| १० | योजनाहरुको सुपरिवेक्षण ,अनुगमन तथा फरफारक गर्ने | | | | | | | | | | | | | |
| ११ | आगामी वर्षको बजेट तथा योजना तर्जुमा | | | | | | | | | | | | | |
| | नोट :- वडास्तरीय योजना तथा कार्यकमहरु वडा कार्यालयबाट पेश गरे बमोजिम हुने छ। | | | | | | | | | | | | | |

चक्रपाणी शर्मा
प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं. ४७.११ विविध

प्रस्ताव नं.४७.११.१

**समायोजन भएर आएका कर्मचारीहरु हाजिर हुन बांकी सम्बन्धमा ।**

निर्णय ४७.११.१

संघीयसरकारले कर्मचारी समायोजन कार्य सम्पन्न भएको भनि सार्वजनिक रुपमा घोषणा गरिसकेपछि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८३ को उपदफा (१) बमोजिम संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी पांचौ नगरसभा बैठकले यस बुटवल उप महानगरपालिका नगर कार्यपालिकाको लागि संगठन संरचना स्वीकृत गरिसकेको अवस्था छ । संगठन संरचना स्वीकृत गरी सके पछि पनि कतिपय पदमा समायोजन भएको पत्रसाथ कर्मचारी हाजिर हुन आउने क्रम जारी रहेको हुँदा यस सम्बन्धमा नगर कार्यपालिकाले यस अघिको मिति २०७६/०२/२० मा बसेको ४३ औं बैंठकको निर्णय समेतलाई विचार गरी देहाय बमोजिम गर्ने निर्णय गरियो ।

क. नगरसभाले स्वीकृत गरेको संगठन संरचना बमोजिम हाल रिक्त रहेको पदमा समायोजन भई आईसकेका कर्मचारीहरुलाई हाजिर गराई उपयुक्त काम लगाउने ।

ख. नगर सभाबाट स्वीकृत संगठन संरचना बमोजिमको रिक्त पद नभएको अवस्थामा हाजिर नगराई सम्बन्धित निकायमा नै फिर्ता पठाउने ।

ग. कार्यालय सहयोगीमा समायोजन भै आएका कर्मचारीहरुलाई हाजिर नगराई फिर्ता पठाउने ।

प्रस्ताव नं. ४७.११.२

**हिमाल रेफ्रिजेरेशन एण्ड ईलेक्ट्रिकल ईन्डस्ट्रीज प्रा.लि.संगको सोलारबत्ती सम्बन्धी ठेक्का अन्त्य गर्ने सम्बन्धमा।**

निर्णय नं.४७.११.२

बुटवल उप-महानगरपालिकाको विभिन्न वडाहरुमा जनसहभागितामा आधारित सौर्य सडक बत्ती जडान कार्यका लागि वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रबाट उपलब्ध भएको दररेट र Technical Specificationबमोजिम बोलपत्र आव्हान अनुसार (ठे.नं.०३/०७४/०७५) यस कार्यालय र हिमाल रेफ्रिजेरेशन एण्ड इलेक्ट्रिकल इण्डष्ट्रिज प्रा.लि.,सानेपा ललितपुर बीच भएको सम्झौता बमोजिमको कार्य कम्पनीले नगरेको हुंदा सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५९ को उपदफा (८) बमोजिम निजले सम्झौता हुंदाको बखत पेश गरेको कार्य सम्पादन बैंक जमानत वापतको रकम बुटवल उप-महानगरपालिकाको नाममा खिची हालसम्म भएको पोल र पोल गाड्ने कामको मात्र मूल्यांकन गरी मूल्यांकन बमोजिमको रकम मध्ये मोविलाईजेशन वापतको रकम कट्टा गरेर भुक्तानीगर्ने गरी उक्त खरिद सम्झौता अन्त्य गर्ने र जनसहभागिता वापत उपभोक्ता समितिबाट बुटवल उप-महानगरपालिकाको खातामा जम्मा भएको रकम सम्बन्धित उपभोक्ता समितिलाई नै फिर्ता गर्ने र बांकी काम दफा २५ बमोजिम नगरी अन्य उपयुक्त उपायबाट सडक बत्ती बाल्ने व्यवस्था मिलाउनेनिर्णय गरियो ।

प्रस्ताव नं.४७.११.३

**अव्यवस्थित बसोवास कार्यदलको म्याद थप सम्बन्धमा ।**

निर्णय नं.४७.११.३

बुटवल उप महानगरपालिका क्षेत्र भित्रको अव्यवस्थित बसोवास तथा सार्वजनिक जग्गा संरक्षण कार्यदलले लगत संकलन लगायतका काम सम्पन्न गरी जग्गा नाप जांच एवं अभिलेखीकरण गर्ने जस्ता कार्यहरु

चक्रपाणी शर्मा
प्रमुख प्रशासकीय अधिकृत

सम्पन्न भई नसकेको हुंदा उक्त बांकी कार्य सम्पन्न गरी प्रतिवेदन पेश गर्ने र नापी नक्सा तयार गरी जग्गा व्यवस्थित गर्ने कार्यको सेवा परामर्श लिने कार्यको प्रक्रिया समेत अगाडि बढाउन संयोजक तथा सदस्यहरु साविक बमोजिमनै रहने र सदस्य सचिवमा भु उपयोग तथा भुमि व्यवस्थापन शाखाका शाखा प्रमुख सदस्य सचिव रहने गरी बढीमा ६ महिना म्याद थप गरी कार्य प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं.४७.११.४**

**सहकारी संस्था एकीकरण सम्बन्धमा ।**

**निर्णय नं. ४७.११.४**

(क) बुटवल उप महानगरपालिका वडा नं. ३ मा रहेको प्रगतिशिल बचत तथा ऋण सहकारी संस्था लि. र संगत बचत तथा ऋण सहकारी संस्था लि. बीच एकीकरण गर्ने गरी प्रगतिशिल संगत बचत तथा ऋण सहकारी संस्था लि. बुटवल ३ नाम रहनेगरी मिति २०७६/०३/२३ मा संयुक्त निवेदन पेस भएको सन्दर्भ र संघीय सहकारी ऐन, २०७४ को दफा ८७ को उपदफा १ र बुटवल उप महानगरपालिकाको नगर सहकारी ऐन, २०७४ को दफा ६५ को उपदफा १ तथा संघीय सहकारी नियमावली, २०७५ को नियम ३९ को उपनियम १ अनुसार दुवै संस्था एकीकरण गरी आर्थिक कारोवार मात्र गर्न मिति २०७६/०४/०१ गते देखि स्वीकृति प्रदान गरिएको निर्णय अनुमोदन गरी उल्लेखित सहकारी संस्थाहरुलाई एकीकरण गर्न स्वीकृति दिने निर्णय गरियो ।

(ख) बुटवल उप महानगरपालिकाको नगर सहकारी नियमावली र कार्यविधि तयार भई नसकेको अवस्थामा सहकारी संस्था एकीकरण गर्ने सम्बन्धी अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई प्रदान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४७.११.५**

**नगर स्तरीय पूर्वाधार योजना कार्यान्वयन कार्ययोजना तथा वार्षिक खरिद योजना स्वीकृति सम्बन्धमा ।**

**निर्णय नं. ४७.११.५**

नगरस्तरीय योजना कार्यान्वयन कार्ययोजना तथा वार्षिक खरिद योजना स्वीकृत गरियो ।

**प्रस्ताव नं. ४७.११.६**

**वडा नं. ५ स्थित सटरको न्यूनतम मूल्यांकन सम्बन्धमा ।**

**निर्णयनं. ४७.११.६**

बुटवल उप महानगरपालिकाको नगर सभाको पाचौं अधिवेशनवाट पारित आर्थिक ऐन २०७६ को दफा ३ मा घरजग्गा वहाल कर सम्वन्धी व्यवस्था गरेको छ । सोही ऐनको अनुसूची २ मा वडा नं. ५ को मुख्य वजार क्षेत्रको घर जग्गा वहाल कर असूली प्रयोजनका लागि न्यूनतम वहाल रकम समान कायम भएको छ । मुख्य वजार एवं चल्तीको व्यावसायिक क्षेत्रमा न्यूनतम वहाल रकम र सो भन्दा कम चल्तीको क्षेत्रमा समान हुंदा सो क्षेत्रका वासिन्दालाई अन्याय भएको महसुस गरी रकम तिर्न उत्साहित नहुने र व्यवहारिक समेत भएको छैन । यस सन्दर्भमा सम्वन्धित वडा कार्यालयवाट पुनरावलोकनका लागि प्राप्त सिफारिश र प्रस्तुत तथ्यका आधारमा वडा नं. ५ को हकमा देहाय वमोजिम हुने गरी न्यूनतम वहाल निर्धारण गर्ने र आगामी नगर सभावाट समर्थन समेत गराउने गरी कार्यान्वयन गर्न नगर कार्यपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

- अमरपथ क्षेत्र – ऐनमा तोकिए वमोजिम हुने ।
- पूर्व पश्चिम राजमार्ग मोहडामा पर्ने क्षेत्र – ऐनमा तोकिए वमोजिम हुने ।

चक्रपाणी शर्मा
प्रमुख प्रशासकीय अधिकृत

- पूर्व पश्चिम राजमार्ग पूर्व भित्री सडक मोहडा पर्ने नयां सडक मोहडामा पर्ने क्षेत्र – प्रति सटर रु.८०००। र प्रति कोठा रु.२०००।
- वांकी अन्य सडक मोहडामा पर्ने क्षेत्र – प्रति सटर रु.५०००। र प्रति कोठा रु.२०००।

**प्रस्ताव नं. ४७.११.७**

**वडा नं. ५ को सरसफाई अभियानको सहमति ।**

**निर्णय नं. ४७.११.७**

बुटवल उपमहानगरपालिका वडा नं. ५ मा विशेष सरसफाई अभियान संचालन गर्ने सम्बन्धमा तयार गरेको जरिवाना लगाउने प्रस्ताव सहितको सार्वजनिक अनुरोध पत्र अनुमोदन गरी आवश्यक प्रक्रियामा लैजाने निर्णय गरियो ।

**प्रस्ताव नं. ४७.११.८**

**संस्था दर्ता तथा नियमन सम्बन्धी नियमावली २०७६ सम्बन्धमा ।**

**निर्णय नं. ४७.११.८**

पेश हुन आएको संस्था दर्ता तथा नियमन सम्बन्धी नियमावली २०७६, आजको बैठकमा टेवुल भयो ।उक्त मस्यौदा माथि थप छलफल गरी आगामी वैंठकमा पेश गर्न सम्बन्धित समितिमा पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं.४७.११.९**

**डेंगु रोकथाम र नियन्त्रण सम्बन्धमा ।**

**निर्णय नं. ४७.११.९**

बुटवल उप महानगरपालिका क्षेत्र भित्र डेंगुको संक्रमण देखिएकोले सम्भावित महामारीलाई रोक्नका लागि सवै वडाको अगुवाईमा स्थानीय स्वास्थ्य संस्था,महिला स्वास्थ्य स्वयंसेविका,टोल विकास संस्था,विद्यालय,स्थानीय क्लवहरु तथा अन्य सरोकारवालाहरुको सक्रिय सहभागितामा सचेतना तथा खोज र नष्ट गर अभियान संचालन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.४७.११.१०**

**५ नं. प्रदेश प्रहरी तालिम केन्द्र बुटवल लाई धन्यवाद दिने सम्बन्धमा ।**

**निर्णय नं. ४७.११.१०**

यस बुटवल उप महानगरपालिकाका लागि आवश्यक नगर प्रहरी (असई,हवल्दार,प्रहरी) करारमा छनौट गर्नका लागि शारिरीकतन्दुरुस्ती परीक्षणकार्य र करार छनौट पछि १६ जनालाई एक महिनाको आवासीय तालिम दिई सहयोग गरेकोमा ५ नं. प्रदेश प्रहरी तालिम केन्द्र बुटवललाई धन्यवाद दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ४७.११.११**

**मित्र राष्ट्र चीनको निमन्त्रणमा भएको अध्ययन भ्रमणको जानकारी सम्बन्धमा ।**

**निर्णय नं. ४७.११.११**

मित्र राष्ट्र चीनको निमन्त्रणामा Unnanan University of Economic and Finance Unnanan province,Kunming Cityमा शहरी योजना,बिपद व्यवस्थापन,फोहरमैला व्यवस्थापन,शुसासन प्रवर्द्धन,गरिवी निवारण र आर्थिक विकास तथा वन बेल्ट वन रोड विषयमा अध्ययन र अवलोकन भ्रमण गरी आएको विषय प्रमुखज्युले आजको बैठकमा जानकारी गराउनु भयो । साथै मित्र राष्ट्र चीनको Xian City 2019 Euro-Asia Economic Forum and 7th International Joint Conference for cities along the Silk

चक्रपाणी शर्मा
प्रमुख प्रशासकीय अधिकृत

Road Economic Belt (9-12 september 2019)मा भाग लिन जाने सम्बन्धमा समेत बैठकमा प्रमुखले जानाकारी गराउनु भयो ।

**प्रस्ताव नं. ४७.११.१२**
**शोक प्रस्ताव सम्बन्धमा ।**
**निर्णय नं. ४७.११.१२**
यस बुटवल उप महानगरपालिकाको नगरकार्यपालिका सदस्य श्री माया बराल (बिश्वकर्मा) को परिवारका सदस्य श्री राजकुमारी बि.क.कोअसामयिक निधनभएको हुंदामृत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनहरु प्रति धैर्य धारण गर्ने शक्ति मिलोस भनि यो बैठक हार्दिक समवेदना सहित शोक प्रस्ताव पारित गर्दछ ।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिदै प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।

चक्रपाणी शर्मा
प्रमुख प्रशासकीय अधिकृत